REGIONAL NEWS UNIT
ALL INDIA RADIO GANGTOK
NEPALI NEWS BULLETIN
BROADCAST: 18:40 hrs      Date: 31.12.2024

लोसूङ नाम्सूङ

राज्यमा आजदेखि भुटिया समुदायको लोसूङ र लेप्चा समुदायको नाम्सूङ चाड़ आरम्भ भएको छ।

फसल कटाई समाप्त भएको अवसरमा यी पर्वहरू सात दिनसम्म मनाइन्छ।

यस अवधिमा भुटिया र लेप्चा समुदायका मानिसहरूले गुम्पामा गई पूजा आराधना गर्नका साथै घरमा आफन्तहरू मेला भएर मनोरञ्जन गर्छन्।

फसल कटाईपछि नयाँ बाली ईश्वरलाई चढ़ाउने पनि चलन छ।

राज्यका विभिन्न ठाँउमा नाम्सुङ र लोसूङ मेला अनि समारोहहरूको आयोजना गरिएको छ। यसैबीच बर्मेक रोङ ओङ सेजुमले आज गेजिङ जिल्लाको वर्मेकमा नाम आल नाम्सूङ पालन गर्यो।

कार्यक्रमलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै क्षेत्र विधायक श्री लोकनाथ शर्माले भन्नुभयो – मुख्यमन्त्री श्री प्रेमसिंह तामङको नेतृत्वमा सिक्किममा

अहिले प्रत्येक जातिको पर्व राज्य गेजिङ वर्मेक समष्टिमा अहिलेसम्म भएका विकासका कार्यहरूको पनि उल्लेख गर्नुभयो।

श्री शर्माले सबैसित आफ्नो संस्कृति तथा परम्परालाई जीवन्त राख्ने आग्रह गर्नुभएको छ। पारम्परिक खानपान र भेषभूषाको प्रदर्शन समारोहका अन्य आकर्षण थियो।

लोसूङ नाम्सूङ ग्रिटिङ

राज्यपाल श्री ओमप्रकाश माथुर र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले राज्यका मानिसहरूलाई लोसूङ र नाम्सूङको शुभकामना दिनुभएको छ।

आफ्नो सन्देशमा राज्यपालले भन्नुभएको छ। यी उत्सवले प्रकृतिसित सद्भावनाका साथ बाँच्ने सिक्किमेली परम्परा रहेको प्रतिविम्वित गर्नका साथै विभिन्न समुदायमाझ भातृत्वको भावनालाई सुदृढ़ बनाउनमा सहयोग गर्छन्।

उहाँले लोसुङ नाम्सूङको अवसरमा सबैका लागि शान्ति र समृद्धिको कामना गर्नुभएको छ।

मुख्यमन्त्रीले भन्नुभएको छ फसल कटाई समाप्त भएको र नयाँ वर्ष शुरू भएको स्मरण गराउने यी पर्वहरूले प्रकृति र जीवनचक्रसँग हाम्रो गहिरो सम्वन्ध रहेको कुरो दर्साउछन्।

प्रकृतिसित सम्वन्धित यी चाड़ पर्वले प्रत्येक घरमा खुशियाली, समृद्धि र सद्भावना ल्याओस् भन्ने कामना गर्दै उहाँले सबैसित यस अवसरमा शान्ति, आपसी सम्मान र प्रगतिका लागि प्रतिबद्ध रहने आह्वान गर्नुभएको छ।

ब्रिज इन्युगुरेसन

राज्यका बन तथा पर्यावरण मन्त्री एवम् जंगु समष्टिका विधायक श्री पिन्छो नाम्गेल लेप्चाले आज नाम्प्रिकदाङ साङकलङ स्थित साठी मिटर लामो झोलुङ्गे पुल निर्माण स्थलको निरीक्षण भ्रमण गर्नुभयो।

यो पुलको औपचारिक उद्घाटन भोलि हुनेछ।

आफ्नो वक्तव्यमा मन्त्रीले भन्नुभयो गत वर्ष बाढीको कारणले क्षतिग्रस्त भएको पुल मुख्यमन्त्रीको विशेष तत्परता अनि सीमा सड़क संगठन बीआरओ र सेनाको सहयोगमा निर्माण भएको छ।

उहाँले भन्नुभयो – स्थानीयवासीका लागि नयाँवर्षको उपहार स्वरूप यस पुलको भोलि उद्घाटन भएपछि मानिसहरूलाई सड़कमार्ग भएर यातायात गर्नमा सुविधा हुनेछ।

लोकसभा- एमपी

लोकसभा सदस्य डा. इन्द्रहाङ सुब्बाले आंकलन सम्वन्धी संसदीय समितिका सदस्यहरूसित हिजो गुजरातको सोमनाथमा खाद्य प्रसंसकरण उद्योग अन्तर्गत प्रधानमन्त्री सूक्ष्म खाद्य प्रसंस्करण उद्यम औपचारिकीकरण PFFME को कार्यान्वयन सम्वन्धी बैठकमा भाग लिनुभयो।

सूत्र अनुसार यसअघि उहाँले रेलवे मन्त्रालयका सदस्यहरूसित बैठक गर्नुभयो।

नेश्नल गेम

सिक्किमका दुइजना साइकल यात्रीहरू गणेष प्रसाई र असीम शर्मा राष्ट्रिय खेल 2025 का लागि योग्य भएका छन्।

ऱाष्ट्रिय खेला अठाइस जनवरीदेखि बाह्र फरवरीसम्म उत्तरखण्डमा आयोजित हुनेछ।

ISRO SAADEX

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन ISRO ले हिजो राती स्पेस डकिङ एक्सपेरिमेन्ट स्पाडेक्स मिशनको सफल प्रक्षेपण गर्यो।

श्री हरिकोटाको सतीश धवन अन्तरिक्ष केन्द्रबाट इसरोको पीएसएलवी –सी 60 रकेटलाई दुईवटा अन्तरिक्षयानहरूसित प्रक्षेपित गरियो।

यसद्वारा अन्तरिक्षमा डकिङको प्रदर्शनमा सहायता प्राप्त हुनेछ।

सफल प्रक्षेपणपछि इसरोका अध्ययन श्री एस सोमनाथले भन्नुभयो दुई उपग्रहहरूको पैनल सफलतापूर्वक तैनात गरिएको छ।

नीउ यर

आज 2024 सालको अन्तिम दिन।

विश्व र राष्ट्रका अन्य भागसँगै सिक्किम पनि पुरानो साललाई बिदा दिन र नववर्ष 2025 को स्वागत गर्न तयार छ।

राज्यका अरू ठाउँ अनि राजधानी गान्तोकका विभिन्न स्थान र कैयौं होटलहरूमा नववर्षका लागि स्वागत समारोहहरूको आयोजना गरिएको छ।

साँझको समयमा तापमान झरेर सात दशमलउ चार (7.4) डिग्री भए तापनि मानिसहरू विशेष गरी युवाहरूमा जोश, उमंग र उत्साह देखिएको छ। गिर्जाघरहरूलाई सुन्दर ढङ्गमा सजाइएको छ र गिर्जाघरहरूमा प्रार्थना सभाको आवाजले वातावरण गुञ्जायमान भएको छ।

निउ यर ग्रिटिङ

यसैबीच राज्यपाल श्री ओमप्रकाश माथुर र मुख्यमन्त्री श्री प्रेमसिंह तामङले राज्यवासीहरूलाई नयाँवर्ष 2025 को शुभकामना दिनुभएको छ।

नववर्षले नयाँ प्रस्तावसित नयाँ शुरूवात, नयाँ मानिसहरूसित भेटघाट, मनोरञ्जनका नयाँ साहसिक कार्य र नयाँ सम्झानाहरू सृजना गर्ने कुरो बताउँदै आफ्नो शुभकामना सन्देशमा राज्यपालले नयाँ सालले नयाँ आशा, सेवा र मानवताको भावना जगाउनका साथै देश र विश्वमा शान्ति ल्याओस् भन्ने कामना गर्नुभएको छ।

श्री माथुरले मानिसहरूसित नववर्षको अवसरमा राष्ट्र निर्माण र राज्यको कल्याणप्रति प्रतिबद्ध रहरे भारतलाई विश्व गुरू बनाउने लक्ष्य हासिल गर्ने आह्वान गर्नुभएको छ।